# नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको अनुदान सहयोगमा

# सार्वजनिक-नीजि साझेदारी अवधारणा अन्तर्गत

# नेपाल उद्योग वाणिज्य महासंघ, कृषि उद्यम केन्द्र तथा सहकारी संघद्वारा सञ्चालित

# एक जिल्ला एक उत्पादन (ODOP) कार्यक्रमहरूको

# कार्यान्वयनको अवस्था सम्बन्धी अध्ययन विश्लेषण

(२०७६ पौष)

अख्तियार दुरुपयोग अनुसन्धान आयोग,

टंगाल, काठमाडौं

## १. विषय प्रवेश

कृषि क्षेत्रको व्यवसायीकरण, उद्योग स्थापना, सञ्चालन र बजारीकरण कार्यक्रम सञ्चालन गरी सन्तुलित आर्थिक विकास एवं रोजगारी सृजना गर्दै गरिबी निवारण गर्ने उद्देश्यका साथ एक जिल्ला एक उत्पादन कार्यक्रम सञ्चालन हुँदै आएको छ। यस कार्यक्रम सञ्चालनका लागि नेपाल उद्योग वाणिज्य महासंघ अन्तर्गतको कृषि उद्यम केन्द्र (AEC), जिल्ला सहकारी संघ, जिल्ला उद्योग वाणिज्य संघ, उद्यमीहरू र कृषक समूह साझेदारी निकायका रुपमा रहेका छन्। जिल्लाको मौलिक पहिचान भएका वस्तुहरू तथा सेवाको उत्पादन तथा प्रवर्द्धन गर्न सार्वजनिक नीजि साझेदारीमा एक गाउँ एक उत्पादन (OVOP) कार्यक्रम नेपाल सरकारले आर्थिक वर्ष २०६३/०६४ को बजेट वक्तव्य मार्फत घोषणा गरी नेपाल उद्योग वाणिज्य महासंघको सहकार्यमा कार्यान्वयन गरिएको र यसै अनुभवको आधारमा नेपाल सरकारले आ.व. २०६९/०७० देखि एक जिल्ला एक उत्पादन (ODOP) सञ्चालन गर्दै आएको छ।एक जिल्ला एक उत्पादनमा आधारित उद्योगहरू सञ्चालन गर्न लगानीका हिसावले मुख्य गरेर ४ वटा निकायहरूको साझेदारी रहेको छ। उद्योग स्थापनाका लागि सरकारी अनुदानको हिस्सा पचास प्रतिशत, लगानीकर्ताको तीस प्रतिशत, कृषकको पन्ध्र प्रतिशत, र उद्योग वाणिज्य संघको पांच प्रतिशत रहने व्यवस्था गरिएको भए तापनि नेपाल सरकारको बाहेक अन्यको लगानीको सुनिश्चितता भएको देखिन्न। नेपाल सरकारबाट सालबसाली रुपमा यस कार्यक्रममा बजेट विनियोजन हुने तर कार्यान्वयन पक्ष कमजोर रहँदा अधिकांश कार्यक्रम अधुरो भई सरकारको निजी साझेदारी अवधारणामै प्रश्नचिन्ह खडा भएको छ। यस कार्यक्रममा भएको सरकारी लगानीको उचित प्रतिफल प्राप्त हुन नसकेको, उद्योग स्थापनाको सम्भाव्यता अध्ययन नगरी हतारहतारमा लगानी गरेको, नेपाल उद्योग वाणिज्य महासंघले आस्था र विचारका आधारमा कार्यक्रम र बजेट उपलब्ध गराएको, कतिपय योजनाहरू अलपत्र अवस्थामा रहेको, माथिल्लो निकायबाट अनुगमन र नियन्त्रणको प्रभावकारी व्यवस्थासमेत हुन नसकी समयमै उद्योग स्थापना नभएको, नेपाल उद्योग वाणिज्य महासंघ अन्तर्गतको कृषि उद्यम केन्द्रबाट आर्थिक अनुशासनको पालना नगरी खर्च भएको, जिल्ला समितिहरूको अपनत्व कायम नभएको तथा अनियमितताका जनगुनासाहरू बारम्बार आउने गरेकोले यस क्षेत्रमा देखिएका समस्या, विकृति र विसङ्गतिको पहिचान गरी सुशासन कायम गर्न तथा सम्बद्ध निकायलाई समस्या समाधानका लागि सजग गराउने उद्देश्यले यो अध्ययन विश्लेषण गरिएको छ।

## २. सञ्चालित कार्यक्रमको अवस्था तथा विश्लेषण

### २.१ नेपाल एग्रो इन्डष्ट्रिज प्रा.लि. लम्कीचुहा नगरपालिका—१० पिपरौवा, कैलाली

कृषि उद्यम केन्द्रद्वारा सञ्चालित एक जिल्ला एक उत्पादन कार्यक्रम अन्तर्गत कैलाली जिल्ला लम्की चुहा नगरपालिका वडा नं १० पिपरौवामा स्थापना भएको नेपाल एग्रो इन्डष्ट्रिज प्रा.लि. २०७१ सालमा कम्पनी रजिस्टारको कार्यालयमा दर्ता भै स्थापना भएको। यस उद्योगको मुख्य उद्देश्य खाद्यान्न उत्पादन र प्रशोधन गर्ने र विशेष गरेर त्यस क्षेत्रमा पाइने जोरायल बासमती धान र चामलको प्रोत्साहन गर्ने रहेको छ। यस योजनाको कुल लागत रु.३,७०,५०,०००।- रहेकोमा नेपाल सरकारको हालसम्मको अनुदान रु.१,७५,५०,०००।—रहेको देखिन्छ। निजी क्षेत्रको रु.१,९५,००,०००।- लगानी रहेको अध्ययनले देखाएको छ। कारखाना पूर्ण चालु अवस्थामा

रहेको पाइएको छ। प्रतिघण्टा २० क्वीन्टल क्षमता रहेको यस उद्योगले वार्षिक ३०,००० क्वीन्टल चामल उत्पादन गरिरहेको पाइएको छ।

२.२ स्वर्गद्वारी सिड कम्पनी प्रा.लि., प्युठान

कृषि उद्यम केन्द्रद्वारा सञ्चालित एक जिल्ला एक उत्पादन कार्यक्रम अन्तर्गत प्युठान जिल्लास्थित स्वर्गद्वारी सिड कम्पनी प्रा.लि.को भवन निर्माण भएको देखिन्छ। विद्युतको ब्यवस्था नभएको, मेसिनरी औजार खरिद गरी काठमाडौंमा राखेको जडान नभएको पाइएको छ। उद्योग सञ्चालनमा नरहेको र सञ्चालक सम्पर्कमा नआएको जानकारी प्राप्त भएको छ। नेपाल सरकारबाट हालसम्म रु.१,४०,००,०००।- अनुदान सहयोग प्राप्त गरेकोमा निजी लगानी खुल्न नसकेको अवस्था छ।

२.३ अर्घाखाँची मह उद्योग, सन्धिखर्क-७

कृषि उद्यम केन्द्रद्वारा जिल्लामा उत्पादित महको प्रशोधन र बजारीकरण गर्ने उद्देश्यले रु.२,०२,५०,०००।- को लागतमा शुरु गरिएको यस उद्योगको सम्पूर्ण पुर्वाधारहरू भवन, मेसिन, विद्युत, प्रशोधन गर्ने उपकरणहरू जडान भएको छ। केही समय मह उत्पादन गरे तापनि हाल कच्चापदार्थको अभावले मह उत्पादनले निरन्तरता पाउन सकेको छैन। नेपाल सरकारको रु.१,१७,५०,०००।- अनुदान सहयोग रहेकोमा निजी क्षेत्रले रु.८५,००,०००।- मात्र लगानी गरेको देखिन्छ।

२.४ वालिंग अदुवा तथा कृषि उपज प्रशोधन उद्योग वालिंग-१, स्याङ्गजा

कृषि उद्यम केन्द्रद्वारा सञ्चालित एक जिल्ला एक उत्पादन कार्यक्रम अन्तर्गत स्याङ्गजा जिल्लामा सञ्चालित वालिंग अदुवा तथा कृषि उपज प्रशोधन उद्योगमा अदुवा प्रशोधन र भण्डारण घर निर्माण भएतापनि औजार उपकरणहरू प्रयोग विहिन अवस्थामा रहेको छ।कच्चा पदार्थको अभावमा उद्योग सुचारु हुन सकेको छैन। केही परिमाणमा अदुवा बिग्रिएको अवस्थामा रहेको छ। योजनाको कुल लागत रु.६,६३,५०,०००।- रहेको छ। यसमा नेपाल सरकारको रु.१,७७,५०,०००।-अनुदान सहयोग रहेकोमा यस उद्योगमा हालसम्म निजी क्षेत्रको रु.१,९४,६३,०००।- लगानी रहेको देखिन्छ।

२.५ पचभैया होम-स्टे लेखनाथ नगरपालिका-११ (हाल पोखरा नगर पालिका -३१) कास्की

कृषि उद्यम केन्द्रद्वारा सञ्चालित एक जिल्ला एक उत्पादन कार्यक्रम अन्तर्गत कास्की जिल्लाको साविक लेखनाथ नगरपालिका वडा नं. ११ मा सञ्चालित होमस्टे र कृषि पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत आ.व. २०७१ देखि २०७४ सम्म यस कार्यक्रम अन्तर्गत २२ घर परिवारका पुराना घरहरूको मर्मत सुधार, सुलभ शौचालय निर्माण, मठमन्दिर मर्मत, सडकपेटी निर्माण, कटेजहरू निर्माण गरिएको छ। यस योजनाको कुल लागत रु.४,१५,००,०००।- रहेकोमा नेपाल सरकारबाट रु.९३,००,०००।—अनुदान सहयोग उपलब्ध भएको र निजी क्षेत्रको लगानी रु.२,७९,००,०००।- रहेको देखिन्छ।

२.६ बारा डेरी प्रोडक्सन प्रा.लि., कलैया उपमहानगरपालिका-२

कृषि उद्यम केन्द्रद्वारा सञ्चालित एक जिल्ला एक उत्पादन कार्यक्रम अन्तर्गत बारा जिल्लामा स्थापना भएको बारा डेरी प्रोडक्सन प्रा.लि., कलैया उपमहानगरपालिका-२ कलैयाको भवनको

संरचना निर्माण कार्य आंशिक सम्पन्न भएको छ। उद्योग सञ्चालनको लागि milk chilling machine खरिद भएको तर जडान नभएको पाइएको छ। यस योजनाको कुल लागत रु.३,८५,००,०००।- रहेकोमा नेपाल सरकारबाट हालसम्म रु.१,६१,००,०००।- अनुदान प्राप्त भएको छ। निजी क्षेत्रको लगानी रु.१,९२,५०,०००।- रहेको देखिन्छ।

२.७ बिन्दबासिनी सुपारी उद्योग प्रा.लि. दुवागढी-९, झापा

कृषि उद्यम केन्द्रद्वारा सञ्चालित एक जिल्ला एक उत्पादन कार्यक्रम अन्तर्गत झापा जिल्लामा सञ्चालित बिन्दबासिनी सुपारी उद्योग प्रा.लि. दुवागढी-९ झापाको कारखाना भवन निर्माण कार्य भएको छ। विद्युत जडान नभएको, केही मेसिनरी औजारहरू जडान भइसकेको र केही औजारहरू खरिद गर्न बाँकी रहेको देखिन्छ।उद्योग पूर्णरुपमा सञ्चालन नभएको, उद्योग सञ्चालन गर्न कुनै निकायसँग सम्झौता नभएको, यातायातको समस्या रहेको पाइएको छ। योजनाको कुल लागत रु. ४,१६,००,०००।- रहेकोमा हालसम्म नेपाल सरकारको अनुदान रु.१,९५,५०,०००।- रहेको र निजी क्षेत्रको रु.१,४६,००,०००।- लगानी रहेको देखिन्छ।

२.८ एग्री टेक प्रा. लि बरबोटे- ८, इलाम

कृषि उद्यम केन्द्रद्वारा सञ्चालित एक जिल्ला एक उत्पादन कार्यक्रम अन्तर्गत इलाम जिल्लामा सञ्चालित एग्री टेक प्रा.लि., बरबोटे– ८, इलामले दुग्धजन्य उद्योग एवं कृषि पर्यटन सञ्चालन गर्ने उद्देश्यले स्थापना गरिएको यस उद्योगले उद्योग वाणिज्य संघसँग कुनै किसिमको सम्झौता नगरेको पाइएको छ। भवन निर्माण भएको, मेसिन र अन्य उपकरण जडान भए पनि उद्योग सञ्चालन नभएको पाइएको छ। योजनाको कुल लागत रु.३,३९,००,०००।- रहेकोमा नेपाल सरकारबाट रु.२,४२,५०,०००।- अनुदान प्राप्त भएको र निजी क्षेत्रको हालसम्मको लगानी रु.१,७७,००,०००।- रहेको देखिन्छ।

२.९ धादिङ्ग एग्री ट्रेड एण्ड रिसर्च सेन्टर प्रा.लि. पिडा-२, धादिङ्ग

कृषि उद्यम केन्द्रद्वारा सञ्चालित एक जिल्ला एक उत्पादन कार्यक्रम अन्तर्गत धादिङ्ग जिल्लामा सञ्चालित धादिङ्ग एग्री ट्रेड एण्ड रिसर्च सेन्टर प्रा.लि. पिडा -२ धादिङ्ग गोलभेंडाको के-चप् उत्पादन गर्ने उद्देश्यले रु. ५,९९,००,०००।- को लागतमा स्थापना भएको देखिन्छ। यस उद्योगमा हालसम्म नेपाल सरकारबाट रु.२,२५,५०,०००।- अनुदान उपलब्ध छ। निजी क्षेत्रको लगानी रु.२,६२,५०,०००।- रहेको देखिन्छ। cold storage बाहेक उद्योगको भौतिक पूर्वाधार निर्माणका सम्पूर्ण कार्य पुरा भएको, मेसिन उपकरणहरू खरिद गरिएको, विद्युत जडान भएको तर उद्योग सञ्चालन नभएको देखिन्छ। उद्योग सञ्चालन नहुनुमा चालु पूँजीको अभाव रहेको जानकारी प्राप्त भएको, उद्योग सञ्चालन गर्न खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट इजाजत पत्र नलिएको, वातावरण प्रभाव मूल्याङ्कन नभई उद्योग स्थापना भएको पाइएको छ।

२.१० नुवाकोट दाना उद्योग प्रा. लि बेल्कोट नगरपालिका

कृषि उद्यम केन्द्रद्वारा सञ्चालित एक जिल्ला एक उत्पादन कार्यक्रम अन्तर्गत नुवाकोट जिल्लाको बेल्कोट नगरपालिकामा स्थापित नुवाकोट दाना उद्योग प्रा.लि. ले रेन्बो ट्राउट माछाको दाना र भुरा उत्पादन गर्ने उद्देश्यले स्थापना भएको देखिन्छ। यस उद्योगले विगतमा सिमित मात्रामा दाना उत्पादन गर्दै आए पनि हाल उद्योग बन्द अवस्थामा रहेको छ। उद्योगको सम्पूर्ण पूर्वाधार तयारी

अवस्थामा रहेको, निजी व्यक्तिको ५ रोपनी जग्गा १० वर्षको लागि भाडामा लिएर स्थापना गरेको यस उद्योगको कुल लागत रु.४,६७,००,०००।- रहेकोमा नेपाल सरकारले रु.२,३७,५०,०००।-अनुदान उपलब्ध गराएको छ। निजी क्षेत्रको हालसम्मको लगानी रु.३६,००,०००।- रहेको छ।

२.११ रसुवागढी एग्रो फार्म धुन्चे, रसुवा

कृषि उद्यम केन्द्रद्वारा सञ्चालित एक जिल्ला एक उत्पादन कार्यक्रम अन्तर्गत रसुवा जिल्लामा स्थापित रसुवागढी एग्रो फार्म धुन्चे, रसुवा रेन्बो ट्राउट माछाको दाना उत्पादन गर्ने उद्देश्यले रु.२,४१,६०,०००।-को लागतमा स्थापना भएको यस उद्योगमा नेपाल सरकारबाट रु.१,०२,६०,०००।-अनुदान उपलब्ध छ| निजी क्षेत्रको हालसम्मको लगानी रु.१,४०,००,०००।- रहेको छ। २०७२ साल को विनासकारी भूकम्पले बन्दै गरेको संरचना भत्काएको र तुरुन्त पुनर्निर्माण गर्न ज्यामीको अभावले पछी निर्माण गर्दा परियोजनाको लागत बढी हुँदा चालु पूँजीको अभावमा उद्योग सञ्चालन गर्न नसकेको जानकारी प्राप्त भएको छ। हाल कारखाना र केही मेसिनरी औजार उपकरण खरिद भएको, केही थप उपकरण र कच्चापदार्थ खरिद गर्न बाँकी रहेको देखिन्छ। विद्युतीकरणको काम पनि बाँकी रहेको, चालु पूँजीको अभावले उद्योग सञ्चालनमा नआएको देखिन्छ।

२.१२ रौतहट माछा तथा दाना उद्योग प्रा.लि., चन्द्रनिगाहपुर

कृषि उद्यम केन्द्रद्वारा सञ्चालित एक जिल्ला एक उत्पादन कार्यक्रम अन्तर्गत रौतहट जिल्लामा स्थापित रौतहट माछा तथा दाना उद्योग प्रा.लि., चन्द्रनिगाहपुरमा माछाको दाना तथा माछा उत्पादन गर्ने उद्देश्यले रु.५,७५,५०,०००।- को लागतमा स्थापना भएको देखिन्छ। यस उद्योगमा नेपाल सरकारबाट रु.१,६४,००,०००।- अनुदान उपलब्ध भएको छ। निजी क्षेत्रको हालसम्मको लगानी यकिन नभएको विद्यमान अवस्था छ। उद्योगको भवनको जग मात्र निर्माण भएको, मेसिनरी औजार खरिद नभएको, उद्योगको सम्झौता गर्दा पहिला एउटालाई दिने भनेर (श्रमजीवी सहकारी संस्था) जग्गा खरिद गरिसकेको अवस्थामा उद्योग वाणिज्य संघको चुनावलाई मध्यनजर गरेर अर्को कम्पनी (रौतहट माछा तथा दाना उद्योग प्रा.लि.) खडा गरी सम्झौता गरेकोबाट विवाद सृजना भै हालसम्म कुनै पनि काम सम्पन्न नभएको देखिन आएको छ।

२.१३ सिन्धुलीगढ़ी फलफुल उत्पादन प्रा.लि., ढुङ्ग्रेबास, सिन्धुली

कृषि उद्यम केन्द्रद्वारा सञ्चालित एक जिल्ला एक उत्पादन कार्यक्रम अन्तर्गत सिन्धुली जिल्लामा स्थापित सिन्धुलीगढ़ी फलफुल उत्पादन प्रा.लि. ढुङ्ग्रेबास, सिन्धुलीले जुनारको जुस उत्पादन गर्ने उद्देश्यले रु.६,००,००,०००।-को लागतमा स्थापना भएको यस उद्योगमा नेपाल सरकारबाट रु.२,१२,०७,०००।- अनुदान उपलब्ध भएको र निजी क्षेत्रको लगानी रु.१,५०,००,०००।- रहेको देखिन्छ।उद्योगको सम्पूर्ण पूर्वाधार तयार भै परीक्षण उत्पादन समेत भएको तर कच्चा पदार्थको अभावमा उद्योग हाल बन्द अवस्थामा रहेको छ।

२.१४ ओखलढुङ्गा जडिबुटी प्रा.लि., सिद्दिचरण न.पा.-११, ओखलढुङ्गा

कृषि उद्यम केन्द्रद्वारा सञ्चालित एक जिल्ला एक उत्पादन कार्यक्रम अन्तर्गत ओखलढुङ्गा जिल्लामा स्थापित ओखलढुङ्गा जडिबुटी प्रा.लि.ले जडिबुटी खास गरेर चिराइतो प्रशोधन गर्ने उद्देश्यले स्थापना

गरिएकोमा कच्चापदार्थको अभावमा उद्योग सञ्चालन हुन नसकेको। कुल लागत रु.४,५०,००,०००।- रहेको यस उद्योगमा नेपाल सरकारबाट रु.१,४६,००,०००।- अनुदान उपलब्ध गराइएको छ भने निजी क्षेत्रको लगानी रु.१,५०,००,०००।- देखिन्छ। उद्योग सञ्चालनको लागि सम्पूर्ण पूर्वाधार तयार भए पनि औजार उपकरणहरूमा खिया लागेको अवस्था रहेको छ।

२.१५ पस्मिना उद्योग, मुस्ताङ

कृषि उद्यम केन्द्रद्वारा सञ्चालित एक जिल्ला एक उत्पादन कार्यक्रम अन्तर्गत मुस्ताङ जिल्लाको पश्मिना उद्योगमा जम्मा रु. ५०,०००।- नेपाल सरकारको अनुदान निकासा भएको देखिन्छ।

२.१६ राष्ट्रिय सहकारी संघ लिमिटेडद्वारा संचालित एक जिल्ला एक उत्पादन कार्यक्रम

१. दुग्ध उत्पादक सहकारी संस्था, चापागाउँ ललितपुर

राष्ट्रिय सहकारी संघ लिमिटेडद्वारा संचालित एक जिल्ला एक उत्पादन कार्यक्रम अन्तर्गत ललितपुरको दुग्ध उत्पादक सहकारी संस्था, चापागाउँको भवन निर्माण, चिलिंग भ्याट, प्रोसेसिङ्ग उपकरण जडान कार्य भैसकेको। विद्युत जडान कार्य मात्र बाँकी रहेको।

२. माछाभुरा उत्पादन र माछापालन व्यवसाय, गोर्खा

राष्ट्रिय सहकारी संघ लिमिटेडद्वारा संचालित एक जिल्ला एक उत्पादन कार्यक्रम अन्तर्गत जिल्ला उपभोक्ता सहकारी संघले गोर्खा न.पा. १० मा स्थापना गरेको माछाभुरा उत्पादन र माछापालन व्यवसायले माछाभुरा उत्पादन गर्ने ट्यांक तथा घर निर्माण गरेको, २२ रोपनी क्षेत्रफलमा माछा पोखरी निर्माण गरिए तापनि केही सिमित पोखरीमा मात्र माछापालन व्यवसाय गरिरहेको छ।

## ३. खर्चको विवरण

कृषि उद्यम केन्द्रबाट प्राप्त विवरण अनुसार एक जिल्ला एक उत्पादन कार्यक्रमको लागि आ.व. २०६९/०७० देखि आ.व.२०७४/७५ सम्म कूल विनियोजित रकम रु.६९,०८,००,०००।- (उनान्सत्तरी करोड आठ लाख) मध्ये रु.२९,८५,४०,४६८।(उनन्तीस करोड पचासी लाख चालीस हजार चार सय अठसठी) निकासा भएको देखिन्छ।कुल निकासा भएको रकम मध्ये रु.२३,९७,१०,०००।- (तेइस करोड सन्तानब्बे लाख दश हजार) विभिन्न उद्योगहरू स्थापना गर्न खर्च भएको देखिन्छ। कुल खर्च रकम रु.२३,९७,१०,०००।- (तेइस करोड सन्तानब्ये लाख दश हजार) मध्ये १३ करोड भन्दा बढी रकम मेसिनरी औजार खरिदमा खर्च भएको छ। संस्थागत लगानी रु.१८,८१,६३,०००।- (अठार करोड एकासी लाख त्रिसट्ठी हजार) मात्र देखिन्छ जबकी एक जिल्ला एक उत्पादनमा कार्यविधि अनुसार उद्योगहरू सञ्चालन गर्न साझेदारी निकायहरूको संस्थागत योगदान ५०% रहने व्यवस्था रहेको छ।

कार्यक्रम सञ्चालन गर्न कृषि उद्यम केन्द्रलाई नेपाल सरकारले रु.५,७१,२३,३३६।९३(पाँच करोड एकहत्तर लाख तेइस हजार तीन सय छत्तीस) उपलब्ध गराएको देखिन्छ। कार्यविधि अनुसार सचिवालयको मुख्य काम भूगोल अनुसार व्यवसायिक योजनाको छनौट, डिजाइन ईस्टीमेट, लागत र प्रविधिमा सहजीकरण र व्यवसायिक योजनाको तयारी, अनुगमन/सुपरीवेक्षण गर्ने र आवश्यकता

अनुसार जिल्ला समितिलाई सुझाव दिनुपर्नेमा सो हुन नसकेको कारण अधिकांश उद्योगहरू सञ्चालन हुन नसकेको देखिन्छ।

राष्ट्रिय सहकारी संघ अन्तर्गत आ.व. २०७२/७३ देखि आ.व. २०७३/७४ सम्म रु.४,२०,८७,०००।- विनियोजन भएकोमा नेपाल सरकारबाट ३,९५,७०,२००।- अनुदान उपलब्ध गराएको छ भने संस्थागत रुपमा सहकारीले ४ करोड भन्दा बढी लगानी गरेको देखिएको छ।

## ४. पहिचान गरिएका समस्याहरू

१. एक जिल्ला एक उत्पादन कार्यक्रमका अधिकांश उद्योगहरू सम्झौताको अवधि समाप्त भइसक्दा पनि सञ्चालनमा नआएको।

२. अधिकांश उद्योगहरू सम्भाव्यता अध्ययनबिना छनौट गरिएको पाइएको।

३. धेरै उद्योगहरू स्थापना गर्न खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट अनुमति नलिएको र वातावरणीय प्रभाव मूल्याङ्कन पनि नभएको।

४. एक जिल्ला एक उत्पादन कार्यक्रम कार्यविधि अनुसार नेपाल सरकारले उपलब्ध गराउने अनुदान खर्च गरिएको तर उद्योगी/साझेदारहरूको लगानी रकम नखुलेको र नेपाल सरकारबाट उपलब्ध गराइएको रकम भवन निर्माण र मेसिनरी औजारहरू खरिद गर्न प्रयोग गरेको पाइएको।

५. एक जिल्ला एक उत्पादन कार्यक्रम कार्यान्वयन नेपाल उद्योग वाणिज्य महासंघ अन्तर्गत जिल्लास्थित जिल्ला उद्योग वाणिज्यसंघहरू मार्फत हुने र अधिकांश उद्योगहरूमा ती संघका पदाधिकारीहरूको संलग्नता रहेको तर अधिकांश उद्योग समयमै स्थापना नहुनु र भएका पनि नचल्नुबाट सरकारी अनुदान प्राप्त गर्ने मात्रै उद्देश्य राखेको देखिन्छ।

६. उद्योग स्थापनामा प्राविधिक सहयोग एवं सहजीकरणको प्रमुख भूमिका खेल्नुपर्ने कृषि उद्यम केन्द्रले प्राविधिक सहयोगको नाममा धेरै खर्च गरे पनि प्रगति प्रतिवेदनबिना नै भुक्तानी दिएको देखिन्छ।

७. अनुगमन समितिको भ्रमण कामको प्रभावकारिता अभिवृद्धिभन्दा पनि औपचारिकता पुरा गर्ने उद्देश्यले भएको देखिएको।

८. कार्यविधि अनुसार प्रत्येक आर्थिक वर्षको अन्त्यमा वार्षिक प्रगति प्रतिवेदन बुझाउने व्यवस्था भएपनि सो भएको नपाइएको।

९. एक जिल्ला एक उत्पादन कार्यक्रमको प्रमुख तालुक निकाय कृषि विकास मन्त्रालयले पनि कार्यक्रम सञ्चालनमा पर्याप्त ध्यान नदिएको देखिएको।

१०. जिल्ला उद्योग वाणिज्य संघ गैरसरकारी संस्था भएकोले यस्ता खालका संस्थाहरूले प्रा.लि. कम्पनीमा सेयर राख्न नमिल्ने भए तापनि कार्यक्रम निर्देशिकामा उद्योग वाणिज्य संघको रोहबर हुने व्यवस्था भएकोले नीतिगत त्रुटि देखिएको।

११. सहकारी ऐन बमोजिम सहकारीले प्रा.लि.मा सेयर राख्न नमिल्ने भए तापनि समूह/सहकारीको सेयर हुने व्यवस्था गरिएकोमा त्रुटिपूर्ण रहेको।

१२. उद्योग सञ्चालनमा किसानको बढी भन्दा बढी संलग्नता गराउन कम्पनीको सेयर सदस्यको रुपमा किसानहरूलाई संलग्न गराइएको तर चालुपूँजीको लागि बैंकिङ लगायतका अन्य प्रयोजनमा किसानहरू समावेश हुन नचाहनाले बैंकबाट चालु पूँजी प्राप्त गर्न कठिनाई भै उद्योग सञ्चालन गर्न कठिनाई परेको।

१३. कार्यविधि अनुसार उद्योग स्थापना गर्न उद्यमी बाहेक अन्य साझेदारी निकायहरूको लगानी हुनु पर्ने व्यवस्था भएकोमा प्रक्रिया पुर्‍याउनको लागि कृषकहरू र निजी लगानीकर्ताको सेयर पनि उद्यमी आफैले लगानी गरेको।

१४. कार्यविधि अनुसार कृषि उद्यम केन्द्रको मुख्य काम भूगोलअनुसार व्यवसायिक योजनाको छनौट, डिजाइन ईस्टीमेट, लागत र प्रविधिमा सहजीकरण र व्यवसायिक योजनाको तयारी, अनुगमन/ सुपरीवेक्षण गर्ने र आवश्यकताअनुसार जिल्ला समितिलाई सुझाव दिनुपर्नेमा कृषि उद्यम केन्द्रसँग दक्ष जनशक्ति नभएका कारण उद्योगहरू समयमा सम्पन्न नभएको र भएका पनि सञ्चालन हुन नसकेको।

१५. एक जिल्ला एक उत्पादन कार्यक्रम कार्यविधि तयार गर्दा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३ अनुसार नभएको।

## ५. आयोगको सिफारिस

१. सम्पूर्ण पूर्वाधार तयार भै कच्चा पदार्थको अभावमा सञ्चालन हुन नसकेका उद्योगहरूलाई सञ्चालन गर्न स्थानीय, प्रदेश र संघको सहकार्यमा ती बाली वस्तुहरूको उत्पादन बढाउन विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालययले पहल गर्ने। पूर्वाधार तयार भएको तर कच्चा पदार्थ आपूर्तिको सम्भावना न्यून भएको उद्योगहरू जस्तै ओखलढुङ्गाको चिराइतो उद्योग, धादिङ्गको टोम्याटो के-चप, स्याङ्गजाको अदुवा प्रशोधन उद्योगहरूलाई उस्तै प्रकारको बालीहरूको उत्पादनको आधारमा उधोगको product Line परिवर्तन गर्न लगाउने |

२. पूर्वाधार तयार भएको तर चालुपूँजी अभावले केही मसिनरी औजार खरिद हुन नसकी सञ्चालन नभएका उद्योगहरूलाई कृषि उद्यम केन्द्र मार्फत आवश्यक पूँजीको व्यवस्था गर्न पहल गर्न लगाउने।

३. पूर्वाधार तयार पनि नभएको उद्योग सञ्चालनभन्दा पनि गलत नियतले अनुदान लिनका लागि खोलेका उद्योगहरूको सन्दर्भमा त्यस्ता उद्यमीसँग कृषि तथा पशुपन्छी विकास मन्त्रालयले रकम असुली प्रक्रिया अगाडी बढाउने |

४. कार्यविधि अनुसार कृषि उद्यम केन्द्र सचिवालयको मुख्य काम भूगोल अनुसार व्यवसायिक योजनाको छनौट, डिजाइन ईस्टीमेट, लागत र प्रविधिमा सहजीकरण र व्यवसायिक योजनाको तयारी, अनुगमन/सुपरीवेक्षण गर्ने र आवश्यकता अनुसार जिल्ला समितिलाई सुझाव दिनुपर्नेमा सो हुन नसकेको कारण उद्योगहरू सम्पन्न र सञ्चालन हुन नसकेकोले यस कार्यमा नेपाल उद्योग वाणिज्य महासंघले उपयुक्त कार्य योजना बनाई लागू गर्ने।

५. कृषि तथा पशुपन्छी विकास मन्त्रालयले सार्वजनिक निजी साझेदारी अवधारणा अन्तर्गत उद्योगहरू स्थापना गर्न अनुदान उपलब्ध गराउँदा नेपाल उद्योग वाणिज्य महासंघ अन्तर्गतको कृषि उद्यम केन्द्रलाई मात्रै दिनुभन्दा खुल्ला प्रतिष्पर्धाका आधारमा अन्य निजी कम्पनीहरू वा बाली वस्तुउत्पादक संघहरू (producers association) लाई समेत समावेश गर्दा उपयुक्त हुने।

६. कृषि तथा पशुपन्छी विकास मन्त्रालयले कृषि उद्यम केन्द्रलाई हालसम्म उपलब्ध गराएको निकासा र खर्चका सम्बन्धमा प्रतिवेदन लिई वित्तीय अनुशासन कायम गर्ने।

७. सशर्त अनुदान रकमका सम्बन्धमा खर्च भएका सम्पूर्ण रकमका बिल भरपाईको महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउने व्यवस्था कृषि तथा पशुपन्छी विकास मन्त्रालयले गर्ने।

८. कृषि उद्यम केन्द्रको सहकार्यको अनुभवको आधारमा आगामी दिनहरूमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यस्ता कार्यक्रम आफैले सञ्चालन नगरी मातहतका निकायहरू र संघीय संरचना अनुसार बाली वस्तुको उत्पादन अवस्था, अन्य पूर्वाधार विकास र बजारको अवस्था हेरी प्रदेश र स्थानीयस्तरमा उद्योगहरू स्थापना गर्न सहजीकरण गर्ने।

९. आगामी दिनहरूमा यस्ता किसिमका योजना तथा कार्यक्रमहरू छनौट गर्दा स्थानीय आवश्यकता, उत्पादनसँगको तादात्म्यता, बजार, सामाजिक र आर्थिक पक्ष, कार्यक्रमको दिगोपना र व्यवस्थापन समेतको वस्तुपरक मूल्याङ्कन गर्ने प्रक्रिया प्रारम्भ गर्ने।

१०. यस कार्यक्रम अन्तर्गत सञ्चालन गरिएका उद्योगहरूमा एक जिल्ला एक उत्पादन कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम नेपाल उद्योग वाणिज्य महासंघको contribution के कति हुनुपर्ने हो यकिन गरी पुरा गर्न लगाउने व्यवस्था कृषि तथा पशुपन्छी विकास मन्त्रालयले मिलाउने।

११. कार्यक्रमका लागि रकम निकासा गर्नुपूर्व सोको phasing गरी कार्य प्रगति अनुगमन तथा मूल्याङ्कन सिफारिसको आधारमा मात्र गर्ने व्यवस्था मिलाउने।

१२. कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यस कार्यक्रम अन्तर्गत संचालित सम्पूर्ण उद्योगहरूको हालको अवस्थाका सम्बन्धमा सरोकारवाला पक्ष समेतको सहभागितामा Overall Review गर्ने।

१३. सार्वजनिक निजी साझेदारीमा सञ्चालन हुने यस्ता कार्यक्रमहरूको योजना तर्जूमा, सोको स्वीकृति, कार्यक्रम तथा क्रियाकलापको नियमित अनुगमन तथा मूल्याङ्कनको mechanism स्पष्ट र पारदर्शी बनाउने।